# शिवनाथ गाउँपालिका

## शिवनाथ, बैतडी

सुदूरपश्चिम प्रदेश

# स्थानीय राजपत्र

## शिवनाथ गाँउपालिकाद्धारा प्रकाशित

खण्डः १० अंकः ०१ मिति २०८३/०५/१६ गते

भाग - २

## शिवनाथ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०८३

शिवनाथ गाउँपालिकाको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान,सीप र विशेषतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धी र श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँच बढाउनु पर्ने भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ (१०) ले दिएको अधिकार प्रयोग गरी शिवनाथ गाउँपालिकाले शिवनाथ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७६ लाई पहिलो संशोधन गरी शिवनाथ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०८३ जारी गरेको छ ।

गाउँ कार्यपालिकाबाट स्वीकृत पहिलो संशोधन तथा प्रकाशन मितिः-२०८३।०५।१६

**शिवनाथ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०८३**

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "शिवनाथ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले निर्माण व्यवसायी ऐन, २०५५ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले निर्माण व्यवसायी नियमावली, २०५६ सम्झनु पर्दछ।

(ग) "समिति" भन्नाले यस कार्यविधिको दफा ४(१) बमोजिमको समिति सम्झनु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले दफा ४(१) बमोजिमको समितिको अध्यक्ष सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शिवनाथ गाउँपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद-२

## ईजाजत-पत्र सम्बन्धी व्यवस्था

३. ईजाजतपत्र सम्बन्धी व्यवस्था : (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची -१ बमोजिमको ढाँचामा यस शिवनाथ गाउँपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची -२ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा दफा ४(१) को समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

दफा (३) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्राप्त गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने छ ।

(४) उपदफा (३) बमोजिम कार्यपालिकाबाट निर्णय भई आए पछी प्रमुख प्रशासकीय अधिकृतले सात दिनभित्र गाउँसभाबाट स्वीकृत आर्थिक ऐनले तोके बमोजिमको दस्तुर लिई अनुसूची-३ बमोजिमको ढाँचामा निर्माण व्यवसायी ईजाजतपत्र दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम दिइएको इजाजत-पत्रको अभिलेख कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा अद्यावधिक गराई राख्नु पर्नेछ ।

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

४. समितिको गठन तथा काम, कर्तव्य र अधिकार : (१) निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश भएको निवेदन अनुसार निर्माण व्यवसायीको आर्थिक, प्राविधिक तथा मेशिनरी उपकरणको योग्यता जाँचबुझ गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिश गर्नका लागि देहाय बमोजिमको सिफारिश समितिको गठन गरिनेछ ।

(क) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख - अध्यक्ष

(ख) प्राविधिक सहायक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी -सदस्य सचिव

(२) समितिले निर्माण व्यवसायी ईजाजतपत्र लिनका लागि पेश भएका कागजातका आधारमा निजको आर्थिक, प्राविधिक तथा प्रशासनिक योग्यताको जाँच गर्नुपर्नेछ ।

(३) उपदफा २ बमोजिम जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भएको विवरणसँग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा समितिले दरखास्तवाला व्यक्तिलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाको माग बमोजिम इजाजतपत्र दिन मनासिव देखिएमा समितिले पन्ध्र दिन भित्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिश गर्नेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## इजाजत-पत्रको अवधि र नविकरण सम्बन्धी व्यवस्था

५. **इजाजतपत्रको अवधि र नविकरण** : (१) दफा ३ को उपदफा (३) बमोजिम प्रदान गरिएको ईजाजतपत्र प्रत्येक आर्थिक वर्षको अन्त्यमा समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएको मितिले निर्माण व्यवसायीले तीन महिना भित्र प्रचलित कानून (संघीय, प्रदेश र स्थानीय) ले तिर्नुपर्ने कर, दस्तुर चुक्ता गरेको प्रमाण तथा गाउँसभाबाट स्वीकृत आर्थिक ऐन बमोजिमको नविकरण दस्तुर सहित अनुसूची-५ बमोजिमको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी नविकरणको लागि दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम ईजाजतपत्र नविकरणको लागि दरखास्त परे पछि प्रमुख प्रशासकीय अधिकृतले दरखास्त उपर जाँचबुझ गरी नविकरण गरी दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको म्याद भित्र ईजाजतपत्र नविकरण गराउन नसक्ने निर्माण व्यवसायीले त्यस्तो म्याद नाघेको छ महिनाभित्र नविकरण गराउन आएमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी मनासिव देखेमा नविकरण दस्तुरको दोब्बर दस्तुर लिई ईजाजतपत्र नविकरण गरिदिनु पर्नेछ ।

(५) छ महिना भन्दा बढी म्याद नाघेको ईजाजतपत्रको नविकरण कार्यपालिकाको निर्णय बमोजिम नविकरण गर्न सकिने छ ।

## परिच्छेद-५

## विविध

६. **इजाजतपत्रको खारेजी** : (१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको ईजाजतपत्र खारेज गर्न सक्नेछ।

(क) झुट्ठा विवरण पेश गरी ईजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा ।

(ख) सार्वज़निक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकारको कुनै निकाय वा संगठित संस्थामा झुट्ठा विवरण पेश गरेको कुरा सम्बन्धित निकायबाट लेखि आएमा।

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन गरेको कुरा सम्बन्धित निकायबाट लेखि आएमा।

(२) उपदफा (१) बमोजिम ईजाजतपत्र खारेज गर्नु अघि कार्यालयले सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइनेछ ।

(३) दफा (५) बमोजिमको म्याद भित्र नविकरण नभएको ईजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम ईजाजतपत्र खारेज भएमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म, व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

७. **ईजाजतपत्रको प्रतिलिपि सम्बन्धी व्यवस्था** : (१) ईजाजतपत्र हराए वा नासिएमा निर्माण व्यवसायीले फर्म प्रमाण-पत्रमा उल्लेखित ठेगानाको वडा कार्यालयको सिफारिश पत्र सहित प्रतिलिपिका लागि गाउँपालिकाको कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) गाउँपालिका कार्यालयमा रहेको अभिलेखको आधारमा गाउँसभाबाट स्वीकृत आर्थिक ऐन बमोजिमको दस्तुर लिई निवेदकलाई प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

८. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. **खारेजी र बचाउ** : (१) शिवनाथ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लिखित कार्यविधि बमोजिम भए गरेको कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसुची -१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**ईजाजतपत्रको लागि दिईने दरखास्त**

विषय : ईजाजत पत्र पाँउ भन्ने बारे ।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शिवनाथ गाउँपालिकाको कार्यालय,
शिवनाथ, बैतडी ।

यस ...................... कार्यालयको कार्यविधि ................. बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :

नाम :

ठेगाना :

पोष्ट बक्स :

टेलिफोन नं. : फ्याक्स नं. : ईमेल :

२. फर्म वा कम्पनीको प्रकृति :

| | | | |
|---|---|---|---|
| | प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी |
| | एकलौटी | | साझेदारी |

(कोष्ठमा रेजा (√) लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीका आधिकारीक व्यक्तिको :

नाम थर :

ठेगाना : पोष्ट बक्स :

टेलिफोन नं. : फ्याक्स नं. : ईमेल :

४. फर्म वा कम्पनीको विवरण :

दर्ता नं. : दर्ता मिति :

अधिकृत पूँजी : जारी पूँजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. ईजाजतपत्र लिन चाहेको वर्ग : "घ" वर्ग

६. समुहिकरण हुन चाहेको समूह :

७. आर्थिक श्रोतको विवरण :

| | रकम | वित्तीय संस्था/बैङ्कको नाम |
|---|---|---|
| स्थायी<br>ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

(घ) प्रविधिक कर्मचारीको सर्टिफिकेटको प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्न पर्ने छ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्य** : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनि मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. करचुक्ता गरेको प्रमाण कागजात :

(क)

(ख)

(ग)

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

दरखास्तदाताको :

व्यवसायीको छाप

दस्तखत :

मिति :

निर्माण

**द्रष्टव्य** : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ । कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसुची - २

**(दफा ३ को उपदफा २ सँग सम्बन्धित)**

"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा कम्तीमा एक लाख रुपैयाँको चालु पूँजी देखाई घरेलु पूँजी देखाई घरेलु उद्योग तथा साना उद्योग कार्यलायमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : सिभिल इन्जिनियरिङ् विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जान प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जान प्रशासनिक र वाणिज्य शास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जान जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

३. मेशिन र उपकरण : (क) लेभल (एक थान)
(ख) वाटर पम्प (एक थान)
(ग) भाइब्रेटर (एक थान)
(घ) मिक्सर (एक थान)

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रामणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।

अनुसूची - ३

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

इजाजतपत्र नं. ............

शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश

## इजाजतपत्र

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७८ को दफा ३ को उपदफा (३) बमोजिम निर्माण व्यवसाय गर्न ................................ स्थित कार्यालय भएको ........................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

इजाजतपत्र दिनेको :
दस्तखत :
नाम :
पद :
(यस वृतभित्र कुन वर्ग लेख्न पर्ने हो सोही वर्ग लेख्ने) मिति :
कार्यालय :

नविकरण :

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण वहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची - ४

(दफा ३ को उपदफा ४ सँग सम्बन्धित)

### इजाजतपत्र दर्ता किताब

| क्र.सं. | इजाजतपत्रको | | | निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको | | इजाजतपत्र | | प्रमाणित गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नम्बर | वर्ग | समुह | नाम | ठेगाना | जारी मिति | नविकरण मिति | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची - ५

(दफा ५ को उपदफा २ सँग सम्बन्धित)

**इजाजतपत्र नविकरणको लागि दिईने दरखास्त**

मितिः-

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शिवनाथ गाउँपालिकाको कार्यालय,
शिवनाथ, बैतडी ।

**विषय : इजाजतपत्र नविकरण गरी पाउँ ।**

निर्माण व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र नविकरण गर्नको लागि देहाय बमोजिमको विवरणहरु खुलाई निर्माण व्यवसाय कार्यविधि, २०७८ बमोजिम यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :

(क) नाम :

(ख) ठेगाना :

(ग) पोष्ट बक्स :

(घ) टेलिफोन नं. :

(ङ) फ्याक्स नं. :

(च) ईमेल :

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यलयको :

(क) नाम :

(ख) ठेगाना :

३. निर्माण व्यवसायीको :

(क) प्रमाणपत्र नं. :

(ख) दर्ता मिति :

४. (क) इजाजतपत्र नं. :

(ख) इजाजतपत्र जारी भएको मिति :

(ग) इजाजतपत्र जारी गर्ने कार्यालय :

५. (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं. :

(ख) नविकरण मिति :

६.इजाजतपत्र नविकरण दस्तुर/थप दस्तुर बापत रु...............अक्षरेपी ................................................ जम्मा गरेको ........................................... बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।

७. यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो झुठ्ठा ठहरे कानून बमोजिम सँहुला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

निवेदक निर्माण व्यवसायी

नाम :

दस्तखत :

मिति :

ठेगाना:

आज्ञाले

एकराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत